# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २३ अक्तूबर २०२५

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

- राज्यका विभिन्न भागहरूमा भाई टिका, भाई फोटा र भैया दूज परम्परागत हर्षोल्लसका साथ पालन गरियो। यसका साथै चार दिने दीपावली उत्सव सम्पन्न भएको छ।
- प्रधानमंत्री नरेन्द्र मोदीले भाई दूजको अवसरमा सबैलाई शुभकामना दिनुभएको छ। भोली देशका ४० विविध स्थानमा ५१,००० भन्दा अधिकलाई उहाँले रोजगार मेलामा नियुक्ति पत्र प्रदान गर्नुहुनेछ।
- पश्चिम बंगालको विशेष पुलिस कार्यबल एसटिएफ ले एउटा ठूलो अभियान चलाएर अन्तराष्ट्रिय हतियार तस्कर गिरोहको भण्डाफोड गरेको छ।
  चुनाव आयोगले राज्यका ६०० भन्दा बढ़ी बीएलओ लाई नियम पालन नगरेको आरोपमा नोटिसमा पठाएको छ।

**भाईटिका दिव्यांग**

कार्तिक महिनाको शुक्ल पक्षको द्विसतीय तिथिमा आज दार्जीलिङपहाड़ , तराई , डुर्वस तथा राज्यका आज समतल इलाकाहरूमा हर्ष उल्लासका साथ भाई टिका , नेपाली गोरखा समुदायमा तथा भाई फोटा बंगला भाषी समाजमा पालन गरियो। पारम्परिक पोशाकमा सुसज्जित दिदी बहिनीहरूले आफ्ना दाज्यू र भाईहरूको दीर्घायु ,सुःख शान्ति , समृद्धि र सुस्वास्थ्यको कामना गर्दै निधारमा भाई टिका र भाई फोटा लगाई दिए। दाज्यु -भाईहरूलाई आसन दिएर , फूलमाला लगाई आरतीका साथ एकै पल्टमा ओखर फूटाएर यमराज सित दीर्घायु कामना गर्दै सात रंगका टिका लगाई दिए। यसरी नै देशका अन्य राज्यहरूमा भाई दूज हर्ष उल्लासका साथ पालन गरियो। यसै क्रममा सिलगड़ीमा एउटा अनौठो पहल गर्दै विशेष रूपले सक्षम तथा मानसिक रूपमा अल्प विकसित व्याक्तिहरूलाई भाई टिका लगाई उनीहरूका साथ प्रेम र स्नेहको संचार गरियो। अनुभव नामक संस्थाको पहलमा मित्र सम्मेलीनी हलमा यो कार्यक्रम आयोजित गरियो। यसरी नै भारतीय जनता पार्टीका महिला मोर्चाले विभिन्न जिल्लाहरूमा पार्टीका दाज्युभाईहरूलई भाई फोटा लगाई मंगल कामना गरिन। कोलकाता आयोजित एक कार्यक्रममा पार्टीका राष्ट्रिय महासचिव संगठन बी.एल सन्तोष उपस्थित थिए। **भाईटिका**

शास्त्र अनुसारन भईटिका , भाई फोटा , भाई दूजको संबध यम द्वितीय सित जुड़ेको छ। मृत्युका देवता यमलाई उनकी महिनी यमुनाले निधारमा टिका लगाई अमर बनाएको कथा सर्वविदित छ। आर्के पौराणिक मान्यता अनुसार भगवान कृष्णले नरकासुर राक्षसको वध गरि मथुरा फर्किन्दा बहिनी शुभद्राले तीलक लगाई , फूलमाला महिन्रूाई आरती उतारदै दिर्घायुको कामना गर्रिकी थिईन। यसेल दिदी - बहिनीहरूले आफ्ना दाज्यु- भाईको दीर्घायु रसुस्वास्थ्य , प्रेम र मायाको प्रतीक स्वरूप भई टिका मनाउने गर्छन।। दिवाली कोदिनदेखि शुरू भ्ज्ञएको चार दिने उत्सवको आज अन्तिम दिन हो।आज देउसी खेल्ने पनि अन्तिम दिन हो। यसका साथै दीपावली महोत्सव सम्पन्न भएको छ।दाज्यु - भाईहयले आ-आफ्ना दिदी बहिनीहरूलाई उपहार प्रदान गर्दै माइतीको मीठो अनुभूति गराए।

**प्रधानमन्त्री रोजगार मेला**

रोजगार मेलाको 17 औं चरण भोलि आयोजना हुनेछ। प्रधानमन्त्री नरेन्द्र मोदीले देशभरीका 40 स्थानमा 51,000 भन्दा बढी उम्मेदवारहरूलाई नियुक्ति पत्र वितरण गर्नुहुनेछ। तमिलनाडुको राजधानी चेन्नईमा, सूचना तथा प्रसारण राज्यमन्त्री डा. एल. मुरुगनले उम्मेदवारहरूलाई नियुक्ति पत्र वितरण गर्नुहुनेछ। आयुष र स्वास्थ्य तथा परिवार कल्याण राज्यमन्त्री प्रतापराव जाधवले मदुरैमा उम्मेदवारहरूलाई नियुक्ति पत्र वितरण गर्नुहुनेछ, र वित्त राज्यमन्त्री पंकज चौधरीले तिरुचिरापल्लीमा उम्मेदवारहरूलाई नियुक्ति पत्र वितरण गर्नुहुनेछ।

**एसटीएफ- तस्कर पक्राउ**

पश्चिम बंगाल पुलिसको विशेष कार्यदल (STF) ले बुधबार दिउँसो वीरभूम जिल्लाको तारापीठमा एउटा ठूलो अभियान सञ्चालन गर्दै अन्तरराज्यीय हतियार तस्करी गिरोहका दुई सदस्यलाई पक्राउ गरेको छ। सूचनाको आधारमा, वीरचन्द्रपुर रोडमा रहेको जय माँ तारा होटल अगाडिको बेसिक मोर क्षेत्रमा छापा मारेर बिहारको मुंगेरका अभय कुमार शर्मा (४५) र वीरभूमको मल्लारपुरका मीनारुल शेख (३५) लाई पक्राउ गरेको छ। खोजीको क्रममा, दुईवटा सुधारिएको ७.६५ एमएम अर्ध-स्वचालित पेस्तोल, दुईवटा लोडेड म्यागजिन र दुईवटा थप म्यागजिनहरू बरामद गरिएको छ। तारापीठ प्रहरी चौकीमा हतियार ऐन अन्तर्गत मुद्दा दर्ता गरिएको छ।STF का पुलिस अधीक्षक इन्द्रजित बसुले भने कि प्रारम्भिक अनुसन्धानले यो मुद्दा अन्तरराज्यीय हतियार तस्करी नेटवर्कसँग जोडिएको देखाउँछ, र हतियार कहाँबाट किनिएको थियो र कसलाई आपूर्ति गर्ने उद्देश्यले गरिएको थियो भनेर निर्धारण गर्न अभियुक्तहरूसँग सोधपुछ भइरहेको छ।यस गिरोहका अन्य सदस्यहरू पनि सक्रिय रहेको र उनीहरूको खोजी जारी रहेको प्रहरीले जनाएको छ।

**<u>नोटिस बीएलओ</u>**

चुनाव आयोगद्वारा सुम्पिएको कार्य गर्न असमर्थता जाहेर गर्दै प्रशिक्षण कार्यक्रममा सामेल नभएको कारण राज्यभरिका ६ सय भन्दा अधिक बूथ स्तर अधिकारी (बीएलओ) लाई कारण बताऊ नोटिस जारी गरेको छ। बंगालमा लगभग एक हजार बुथ- लेवल अधिकारीहरूलाई चुनावी कामकाजसित लापरवाहीका लागि नोटिस जारी गरिएको छ। एक वरिष्ट अधिकारीले बताए कि यी अधिकारीहरूले चुनाव सम्बन्धी निर्देशहरूको पालना गरेनन् जो जन प्रतिनिधित्व अधिनियम १६५० अर्न्तगत आवश्यक छ। धारा ३२ अनुसार जुन अधिकारीले जानीबुझी कर्त्तव्य बहन गर्दैनन्। यसमाथि विभागीय अनुशासनात्मक वा दण्डत्मक कार्यवाही हुने बताईएको छ।

**<u>चितुवा</u>**

पंखाबारी रोडो सात घुम्तीमा एउटा चितुवा सड़कमा देखा परेपछि मानिसहरू भयातुर भयो। एमजना स्कूटी सवार व्याक्ति भाग्यले चितुवाको आक्रमणबाट बाँचे । दिउँसै यो चितुवा सडऋकमा आएकोले मानिसहय थप सचेज बनेका छन्। जंगलमा खाने कुराहरूको कमीले गर्दा चितुवा गाँउ वस्ती तथा सड़क तिर देखा परिरहेको जानकारहरूले बताएको छन्।

**<u>कोलकाता पुलिस कारवाही</u>**

पश्चिम बंगालको कोलकाता पुलिसले दक्षिणेश्वर मेट्रो स्टेशनमा एक महिलालाई दुर्व्यवहार गरेको आरोपमा एक पुरुषलाई पक्राउ गरेको छ।ब्यारकपुर प्रहरी आयुक्तालयका एक अधिकारीले बिहीबार भने कि अक्टोबर २१ को साँझ, महिला दक्षिणेश्वर मेट्रो स्टेशन नजिकैको सडकबाट गुज्रिरहेकी थिइन् जब आरोपीले उनको बाटो रोकेर दुर्व्यवहार गरे।पीडितले तुरुन्तै प्रहरी चौकीमा उजुरी दर्ता गरिन्, जसपछि प्रहरीले अनुसन्धान सुरु गर्यो। बुधबार साँझ दक्षिणेश्वर क्षेत्रबाट आरोपीलाई पक्राउ गरिएको उनीहरूले बताए। आरोपीलाई हाल सोधपुछ भइरहेको छ र चाँडै अदालतमा पेश गरिनेछ।

**<u>डिमाईश</u>**

राष्ट्रिय राजमार्ग १० अर्न्तगत लोहापूलमा आज एउटा स्कूटीको टिप्परसित भिडन्त हुँदा एक युवकको ज्यान गएको छ। दुर्घटना त्यस समय भयो जब रम्बी निवासी दीपक विश्वकर्म र कुमार विश्वकर्म आज बिहान भाईटिका थाप्नू स्कूटीमा सेल्फु बस्ती गइरहेका थिए।यस दुर्घटनामा स्कूटी चालक दीपक विश्वकर्मलाई समान्य चोट लाग्यो तर स्कूटीको पछिल्ले सिटमा बसेका कुमाार विश्वकर्म लड़ेर सोझै टिप्परको चक्कामुनि पस्यो। उनलाई तत्काल उपचारको निम्ति रम्बी अस्पताल पुरयाईयो तर अस्पतालबाट उनलाई मृत घोषित गरियो। रियाङ पुलिसले टिप्पर र चालकलाई हिरासतमा लिएको छ भने शव पोष्टमार्टमको निम्ति पठाईएको छ।

**<u>व्यापारी प्रदर्शन</u>**

डाबग्राम फुलबारीकी भाजपा विधायक शिखा चटर्जीले आज एनजेपी एडीआरएम कार्यालय अगाडि प्रदर्शन गरिरहेका व्यापारीहरूसँग भेट गर्नु भयो।रेलवेले लगभग २५ व्यापारीहरूलाई एनजेपी प्रहरी चौकी अगाडि रहेको रेलवे जग्गा खाली गर्न आदेश दिएको छ, जहाँ उनीहरूले दशकौंदेखि व्यवसाय गर्दै आएका छन्। व्यापारीहरूले उनीहरूको पुनर्वासको व्यवस्था नभएसम्म नछोड्ने चेतावनी दिएका छन्। विधायकले आन्दोलनकारी व्यापारीहरूकहाँ पुगेर उनीहरूको माग सुने।